# त्रिभुवन विश्वविद्यालय

# आङ्गिक क्याम्पस स्थापना परियोजना सञ्चालन कार्यविधि, २०७९

**पारित मिति** : २०७९/१२/१
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. १९०६)

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०७९**

# त्रिभुवन विश्वविद्यालय
# आङ्गिक क्याम्पस स्थापना परियोजना सञ्चालन कार्यविधि, २०७९

देशको समग्र क्षेत्रको समान शैक्षिक, सामाजिक, आर्थिक, वैज्ञानिक र प्राविधिक उन्नयनका लागि नेपाल सरकारले अङ्गिकार गरेको प्राविधिक शिक्षा विस्तार नीतिअनुसार नेपाल सरकारको सहयोगमा त्रिभुवन विश्वविद्यालयले दाङ र डोटीमा इन्जिनियरिङ विषय अध्ययन अध्यापन गर्ने गरी आङ्गिक क्याम्पस स्थापना गर्ने निर्णय भएकोले ती परियोजनाहरूलाई सञ्चालन तथा व्यवस्थापन गर्न गराउनको लागि त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम १३३ उपनियम (२) र नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायबमोजिमको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी कार्यविधिको नाम "त्रिभुवन विश्वविद्यालय, आङ्गिक क्याम्पस स्थापना परियोजना सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यी कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) "निकाय" भन्नाले विश्वविद्यालयका अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र, क्याम्पस, केन्द्रीय विभाग, परीक्षा नियन्त्रण कार्यालय, अस्पताल, प्रयोगशाला, खुला तथा दूरशिक्षा केन्द्र लगायतका निकायहरूलाई सम्झनु पर्दछ ।

(ख) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

(ग) "परियोजना" भन्नाले नेपाल सरकारको सहयोगमा त्रिभुवन विश्वविद्यालयले आङ्गिक क्याम्पस स्थापना गर्न सञ्चालन गरिने परियोजनालाई सम्झनुपर्छ । यस शब्दले जग्गा प्राप्ति, शैक्षिक र प्रशासनिक कार्यका लागि भौतिक संरचना निर्माण गरी नियमित कक्षा सञ्चालन हुनेसम्मका सम्पूर्ण कार्यहरूलाई समेट्दछ ।

(घ) "परियोजना निर्देशन समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(ङ) "परियोजना सहजीकरण समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(च) ‘‘परियोजना संयोजक’’ भन्नाले कार्यविधिअनुसार भौतिक संरचना निर्माण गरी नियमित कक्षा सञ्चालन गर्न जिम्मेवारी दिइएको कार्यविधिको दफा ८ बमोजिमको आङ्गिक क्याम्पस स्थापना र सञ्चालन गर्न नियुक्त परियोजनाका परियोजना संयोजकलाई जनाउँछ ।

(छ) “ निर्देशक” भन्नाले विश्वविद्यालयको योजना निर्देशनालयका निर्देशकलाई सम्झनु पर्दछ ।

(ज) “रजिष्ट्रार” भन्नाले विश्वविद्यालयको रजिष्ट्रारलाई सम्झनु पर्दछ ।

(झ) “कार्यकारी परिषद्” भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## परियोजना निर्देशन समिति

३. **परियोजना निर्देशन समिति :** (१) परियोजनालाई व्यवस्थित रूपमा सञ्चालन गर्न केन्द्रीय स्तरमा देहायबमोजिमको एक परियोजना निर्देशन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) रजिष्ट्रार | - अध्यक्ष |
| (ख) डीन, इन्जिनियरिङ अध्ययन संस्थान | - सदस्य |
| (ग) योजना निर्देशक, योजना निर्देशनालय | - सदस्य |
| (घ) प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (ङ) परियोजना संयोजक | - सदस्य सचिव |

(२) समितिको सचिवालय योजना निर्देशनालयमा रहनेछ ।

४. **परियोजना निर्देशन समितिको काम, कर्तव्य र अधिकार :** परियोजना निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नेपाल सरकारको नीतिअनुसार तोकिएको प्रदेशको तोकिएको क्षेत्रको स्थानीय निकाय र सोही क्षेत्रको त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको सहयोगमा नयाँ क्याम्पस स्थापना गर्न आवश्यक जग्गा प्राप्त गर्ने सम्बन्धी नीति बनाउने,

(ख) पारियोजनालाई आवश्यक पर्ने भौतिक, आर्थिक र शैक्षिक सहयोग प्राप्त गर्न स्वदेशी तथा विदेशी दातृ निकायहरूको पहिचान गर्ने, रोष्टर बनाउने, सम्बन्ध विस्तार गर्ने र कार्यकारी परिषद्को स्वीकृतिमा सम्बन्धित दातृ निकायहरूमा परियोजना प्रस्ताव पेश गर्ने,

(ग) परियोजना सम्पन्न गर्न परियोजना स्थलको अनुगमन गर्ने, परियोजना संयोजकलाई आवश्यक निर्देशन दिने र परियोजनाको बारेमा समय समयमा विश्वविद्यालय अनुदान आयोग र नेपाल सरकारलाई जानकारी गराउने,

(घ) परियोजनाका लागि आवश्यक पर्ने भौतिक सामाग्री, भवन, वैज्ञानिक उपकरण, प्रयोगशाला, पुस्तकालय आदिको विकास, निर्माण एवम् संरक्षण गर्ने नीति र योजना बनाउने र लागु गर्ने,

(ङ) परियोजनाको स्वीकृत बजेट सीमा (Budget Ceiling) भित्र प्रस्तावित बजेटमा परियोजनाको लागि आवश्यक पर्ने भौतिक संसाधन खरिद रकम, शिक्षक, कर्मचारी र विशेषज्ञहरूको पारिश्रमिक निर्धारण गर्ने,

(च) परियोजनाको आवश्यक काम कारबाहीको सम्बन्धमा बैठक बस्नु पर्ने र भ्रमण गर्नु पर्ने भएमा बैठक भत्ता, भ्रमण भत्ता लगायतका सुविधा नियमानुसार हुने । सोभन्दा बढी भत्ता प्रदान गर्नु पर्ने भएमा सोको निर्धारण गरी स्वीकृतिका लागि कार्यकारी परिषद्लाई सिफारिस गर्ने,

(छ) परियोजनासँग सम्बन्धित विषयमा उपलब्ध गराउने राय परामर्श सेवा, अनुसन्धान सेवा, प्रयोगशाला सेवा र अन्य सेवा शुल्क निर्धारणका लागि कार्यकारी परिषद्लाई सिफारिस गर्ने,

(ज) स्वदेशी वा विदेशी संस्थाहरूबाट परियोजनाको लागि प्राप्त हुने अनुदान भएमा स्वीकृतिको लागि कार्यकारी परिषद्मा पेश गर्ने,

(ज) परियोजना सम्पन्न गर्न आवश्यक पर्ने भौतिक सामाग्री, भवन, वैज्ञानिक उपकरण, प्रयोगशाला, पुस्तकालय आदिको विकास-निर्माण र खरिद गर्न समितिहरू गठन गर्ने र कार्यादेश दिने,

(झ) कार्यकारी परिषद्बाट भए गरिएका निर्णय कार्यान्वयन गर्ने,

(झ) यस कार्यविधिमा उल्लेख नभएका भैपरी आउने कार्य गर्ने ।

## परिच्छेद ३

## परियोजना सहजीकरण समिति

**५. परियोजना सहजीकरण समिति :** परियोजना प्रस्तावमा उल्लेख भएका भौतिक पूर्वाधार तयार गर्न स्थापना हुने आङ्गिक क्याम्पसको भौतिक संरचना निर्माणस्थलमा देहायबमोजिमको एक सहजीकरण समिति गठन हुनेछ :

(क) आङ्गिक क्याम्पस स्थापना हुने न.पा. वा गा.पा.का प्रमुख - अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको प्रतिनिधि - सदस्य

(ग) आङ्गिक क्याम्पस निर्माणस्थल नजिक क्षेत्रको त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसका क्याम्पस प्रमुख - सदस्य

(घ) नयाँ आङ्गिक क्याम्पस रहने वडाको वडाध्यक्ष - सदस्य

(ङ) परियोजना संयोजक -सदस्य सचिव

६. **परियोजना सहजीकरण समितिको काम, कर्तव्य र अधिकार :** परियोजना सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नयाँ आङ्गिक क्याम्पसका लागि आवश्यक पर्ने जग्गा खोजी गर्ने र विश्वविद्यालयको नाममा नामसारी गराउने वा नेपाल सरकारबाट लिजमा लिने कार्यहरू गर्ने,

(ख) नयाँ आङ्गिक क्याम्पसका लागि हक हस्तान्तरण गरी वा लिजमा लिइएको जग्गामा अबैध कब्जा वा बसोबास भएको भए हटाउने, सार्वजनिक बाटो, कुलो-नाली वा सन्धिसर्पन परेमा त्यसको व्यवस्थापन गर्ने,

(ग) नयाँ आङ्गिक क्याम्पस स्थापना र सञ्चालन हुने प्रदेशका स्थानीय निकायहरूसँग क्याम्पसको भौतिक संरचना निर्माणको लागि समन्वयकारी भूमिका निभाउने,

(घ) नयाँ आङ्गिक क्याम्पसको भौतिक संरचना निर्माण स्थलको अनुगमन गर्ने र परियोजना संयोजकलाई सुझाव दिने,

(ङ) आवश्यक भौतिक संरचना निर्माणका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने र समन्वयकारी भूमिका खेल्ने,

(च) नयाँ आङ्गिक क्याम्पसको भौतिक संरचना निर्माण स्थलमा आइपर्ने समस्याहरू समाधान गर्ने वा समाधानका लागि परियोजना निर्देशन समितिलाई सिफारिस गर्ने ।

**७. परियोजना सहजीकरण समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) परियोजना सहजीकरण समितिको बैठक कम्तीमा छ महिनाको एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) परियोजना सहजीकरण समितिका सबै सदस्यहरूलाई त्रिभुवन विश्वविद्यालयको विशिष्ट श्रेणीको अधिकृतको अध्यक्षतामा बसेको बैठकलाई तोकिएबमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(३) परियोजना सहजीकरण समितिको बैठकमा जनप्रतिनिधि, विशेषज्ञ वा कानूनविद्को राय-सुझाव आवश्यक परेमा निजहरूलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ र तोकिएबमोजिमको बैठक भत्ता उपलब्ध गरायन सकिनेछ ।

(४) परियोजना सहजीकरण समितिको बैठकमा सामान्य बहुमतबाट निर्णय लिन सकिनेछ ।

(५) परियोजना सहजीकरण समितिको बैठकका निर्णयहरू सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ र परियोजना निर्देशन समितिलाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद ४

## परियोजना संयोजक

**८. परियोजना संयोजक :** (१) परियोजना सञ्चालनका लागि पूरा समय काम गर्नेगरी एकजना परियोजना संयोजक रहनेछ ।

(२) समाज, भूगोल र प्रविधिको ज्ञान भएको विश्वविद्यालयको प्राध्यापक वा सहप्राध्यापकहरू मध्येबाट कार्यकारी परिषद्ले परियोजना संयोजकको नियुक्त गर्नेछ ।

(३) परियोजना संयोजकको पदावधि ३ वर्षको हुनेछ । विशेष अवस्था सिर्जना भई समयमा परियोजना सम्पन्न हुन नसकेको अवस्थामा कार्यकारी परिषद्ले आवश्यक ठानेमा बढीमा थप एक वर्ष निजको पदावधि बढाउन सक्नेछ ।

(४) परियोजना संयोजकलाई इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गतको आङ्गिक क्याम्पसको क्याम्पस प्रमुखले पाए सरहको सेवा सुविधा प्रदान गरिनेछ। परियोजनाको जिम्मेवारी, कार्यबोझ र अतिरिक्त समयमा समेत काम गर्नु पर्ने परिस्थिति र भौतिक संरचना निर्माणमा फिल्डमा खटिनु पर्ने हुँदा परियोजना संयोजकलाई परियोजनाको बजेटबाट बेहोर्ने गरी खाईपाई आएको पारिश्रमिकको शतप्रतिशत परियोजना भत्ता उपलब्ध गराइनेछ। भौतिक संरचना निर्माण स्थलमा रहनु पर्ने परिस्थितिमा आवास सुविधा (सो वापत खाईपाई आएको मासिक आधारभूत तलबको ५०% मा नबढ्ने गरी भत्ता), सञ्चार सुविधा (सो बापत निजले प्रयोग गर्ने एक मोवाइल फोनको मासिक बिलअनुसारको रकम) र एक सवारी साधनको सुविधा उपलब्ध गराइनेछ।

९. **परियोजनाका संयोजकको काम, कर्तव्य, र अधिकार :** परियोजनाका संयोजकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्वीकृत परियोजनाको परिकल्पना, अवधारणा, उद्देश्य र परियोजना निर्देशन समितिको निर्देशनअनुसार परियोजना सञ्चालन र सम्पन्न गर्ने,

(ख) परियोजनाको प्रगति विवरण (Report) तोकिएको समय भित्र विश्वविद्यालय र परियोजना उपलब्ध गराउने निकायमा नियमित वा वार्षिक रूपमा पेश गर्ने,

(ग) परियोजनाको खाता सञ्चालन गर्ने, हिसाब किताब राख्ने र लेखापरीक्षण गराउने,

(घ) परियोजनालाई आवश्यक पर्ने भवन, अफिस सामाग्री, वैज्ञानिक उपकरण, प्रयोगशाला सामाग्री प्रचलित नियमअनुसार खरिद गर्ने र रेकर्ड राख्ने,

(ङ) परियोजनाको सम्पूर्ण भौतिक सम्पत्ति, वैज्ञानिक उपकरण, प्रयोगशाला आदिको जिम्मेवारी लिने, व्यवस्थापन, सञ्चालन र संरक्षण गर्ने,

(च) परियोजनाका लागि आवश्यक पर्ने बजेटका लागि प्रस्ताव तयार गर्ने र सम्बन्धित निकायमा पेश गर्ने,

(छ) परियोजनामा आवश्यक पर्ने विशेषज्ञ, वैज्ञानिक, अनुसन्धानकर्ता, अनुसन्धान सहायक, कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने, काममा लगाउने र तोकिएको पारिश्रमिक उपलब्ध गराउने,

(ज) परियोजनालाई विश्वविद्यालयको वार्षिक कायक्रममा संलग्न गराउने गरी विश्वविद्यालयसँग आवश्यक समन्वय गर्ने, परियोजनाबारे विश्वविद्यालयले माग गरेअनुसार विवरण उपलब्ध गराउने,

(झ) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजनासँग सम्बद्ध रहेका सेमिनार, कार्यशाला, गोष्ठी, प्रकाशन गर्ने गराउने,

(ञ) परियोजना निर्देशन समितिको स्वीकृति लिई परियोजनाको लागि दक्ष जनशक्ति नियुक्ति गर्ने,

(ट) परियोजनामा संलग्न जनशक्तिलाई जिम्मेवारी तोक्ने र तोकिएको पारिश्रमिक उपलब्ध गराउने,

(ठ) परियोजना सम्पन्न गर्न आवश्यक पर्ने अन्य कामहरू गर्नुपर्ने भएमा त्रिभुवन विश्वविद्यालय परियोजना निर्देशन समितिसँग परामर्श गर्ने वा स्वीकृति लिने,

(ड) कार्यविधिमा उल्लेख नभएको विषयमा परियोजना प्रस्तावमा उल्लेख भएबमोजिम गर्ने ।

## परिच्छेद ५

## आर्थिक प्रणाली

**१०. खाता सञ्चालन :** (१) परियोजनाको रकम परियोजना निर्देशन समितिको निर्णयानुसार तोकिएको बैंकमा जम्मा गरिनेछ ।

(२) परियोजनाको खाता सञ्चालन परियोजना संयोजक र रजिष्ट्रारले तोकेको लेखा हेर्ने कर्मचारी गरी २ जनाको संयुक्त हस्ताक्षरबाट गरिनेछ ।

**११. खर्च गर्ने तरिका :** (१) परियोजना कार्यका लागि आवश्यक पर्ने सबै खर्च परियोजनाको लागि उपलब्ध बजेटबाट नै बेर्होनु पर्नेछ । परियोजनको लागि खर्च गर्दा त्रिभुवन विश्वविद्यालयका नियम र प्रचलित कानुनहरूको अधीनमा रही गर्नु पर्नेछ ।

(२) स्वीकृत निर्माण प्रस्तावको सीमा (Celing) भित्र रही परियोजनामा प्रस्ताव भएबमोजिम वा सो नभए परियोजना निर्देशन समितिले निर्णय गरेबमोजिमका शुल्कहरू, पारिश्रमिक र खर्चहरूमा नियमानुसारको कर कट्टी गरी भुक्तानी दिनुपर्नेछ ।

(३) परियोजना सञ्चालनका लागि खरिद कार्य गर्नुपर्ने भएमा परियोजना संयोजकलाई त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा निकाय प्रमुखलाई व्यवस्था भए सरहको अधिकार हुनेछ ।

(४) पारियोजना सञ्चालन गर्न गुरुयोजना (Master Plan) सहितको परियोजना प्रस्ताव निर्माण गर्न वा अन्य कार्यहरू गर्न इञ्जिनियरिङ्ग अध्ययन संस्थान कन्सल्टेन्सी सेवासँग सोझै सम्झौता गरी परियोजना संयोजकले काम गराउन सक्नेछ ।

**१२. लेखा परीक्षण :** (१) कोषको आय-व्ययको हरहिसाब त्रिभुवन विश्वविद्यालयको प्रचलित नियमअनुसार राखिनेछ ।

(२) कोषको लेखापरीक्षण त्रिभुवन विश्वविद्यालयको प्रचलित नियमअनुसार लेखापरीक्षकबाट गरिनेछ ।

## परिच्छेद ६

## जनशक्ति व्यवस्थापनसम्बन्धी व्यवस्था

**१३. जनशक्तिको व्यवस्थापन :** (१) परियोजनाका लागि विश्वविद्यालयभित्रका शिक्षक/कर्मचारीहरूलाई पूरा समय वा आंशिक रूपमा काम गर्ने गरी खटाउन सकिनेछ ।

(२) विश्वविद्यालय भित्रका शिक्षक कर्मचारीहरूले आंशिक रूपमा परियोजनामा काम गर्दा आफूले काम गर्ने निकायमा असर नपर्ने गरी समय मिलाई वा अतिरिक्त समयमा काम गर्नु पर्नेछ ।

(३) परियोजना सञ्चलनका लागि विश्वविद्यालय भित्रका शिक्षक/कर्मचारीहरूले काम गर्न नसक्ने भएमा परियोजना निर्देशन समितिको निर्णयबाट नयाँ शिक्षक, विज्ञ वा कर्मचारी नियुक्त गरी काममा लगाउन सकिनेछ । यसरी नियुक्त हुने शिक्षक, विज्ञ वा कर्मचारी परियोजना अवधि समाप्त भएपछि स्वतः पदमुक्त हुनेछन् ।

(४) परियोजना संयोजकले परियोजना टिम (Team) मा आवश्यकताअनुसार विश्वविद्यालयबाट निवृत्त शिक्षक र अन्य बाह्य विशेषज्ञहरूलाई समेत परियोजना व्यवस्थापन समितिको स्वीकृति लिई समावेश गर्न सक्नेछन् ।

(५) परियोजनामा काम गर्ने संयोजक, शिक्षक, कर्मचारीहरूले परियोजना प्रस्तावमा उल्लेख भएबमोजिम वा आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजना कार्य व्यवस्थापन कार्यविधिले व्यवस्था गरे बमोजिमको पारिश्रमिक (Honorarium) प्राप्त गर्नेछन् ।

(६) परियोजनाले मासिक पारिश्रमिक (Salary) उपलब्ध गराउने व्यवस्था गरी विश्वविद्यालय भित्रका वा बाहिरका विशेषज्ञ, शिक्षक, कर्मचारीहरूलाई विश्वविद्यालयको नियमित बाहेकको काममा खटाइएमा निजले खाईपाई आएको तलबको अधिकतम ६०% सम्म परियोजना भत्ता प्राप्त गर्ने छन् । तर मासिक पारिश्रमिक नतोकिएका विश्वविद्यालय भित्रका वा बाहिरका अन्य विशेषज्ञ, शिक्षक कर्मचारीहरूलाई परियोजना निर्देशन समितिको निर्णयबाट आवश्यकताअनुसार प्रति घण्टाका हिसाबले परियोजनाबाट अतिरिक्त पारिश्रमिक प्रदान गरी काममा खटाउन सकिनेछ ।

(७) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजनाको कार्यमा फिल्डमा खटिने शिक्षक, कर्मचारी, अनुसन्धानकर्ता विद्यार्थीहरूले स्वीकृत परियोजनाको बजेट भित्र रही परियोजना प्रस्ताव वा परियोजना निर्देशन समितिले निर्धारण गरेबमोजिम दैनिक तथा भ्रमण भत्ता र बास खर्च प्राप्त गर्नेछन् ।

## परिच्छेद ७

## विविध

**१४. वौद्धिक सम्पत्ति संरक्षण :** आङ्गिक क्याम्पस स्थापना र सञ्चालनका साथै भौतिक संरचना निर्माण गर्दा प्राप्त हुने बौद्धिक सम्पत्ति र प्रकाशित कृति अनुसन्धान कर्ता व्यक्ति वा समूहको नाममा दर्ता गराउने हक हुनेछ । तर उक्त व्यक्तिका साथ विश्वविद्यालयको नाम उल्लेख हुन अनिवार्य हुनेछ । तर अरु कसैको वौद्धिक सम्पत्ति अनुमति नलिई प्रयोग गर्न वा दुरूपयोग गर्न पाइने छैन ।

**१५. परियोजना निर्माण व्यवस्थापन आचार संहिता :** परियोजना निर्माण व्यवस्थापन आचार संहिता देहायबमोजिम हुनेछ :

(क) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजना सञ्चालनकर्ताले विश्वविद्यालय र नेपाल सरकारको प्राविधिक शिक्षा विस्तार नीतिको पालना गर्नुपर्नेछ ।

(ख) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजना सञ्चालनका क्रममा र सोभन्दा पछाडि आवश्यक गोपनियता कायम गर्नुपर्नेछ ।

(ग) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजना सञ्चालनका क्रममा र त्यसपछि पनि व्यक्ति र समुदायका सम्पूर्ण मानव अधिकार तथा स्वाभिमानको सम्मान र रक्षाको प्रत्याभूति गर्नुपर्नेछ

(घ) नेपालको प्रचलित कानून विपरित, राष्ट्रहित विपरित, मानव स्वास्थ्यमा हानी, पर्यावरणमा क्षति, सामाजिक दोष फैलाउने गरी कुनै पनि कार्य गर्न र गराउन पाइने छैन ।

(ङ) अरुको बौद्धिक सम्पत्ति र सम्पदाको सम्मान एवं संरक्षण गर्नुपर्नेछ ।

(च) स्थानीय समुदायसँग काम गर्दा सम्बन्धित निकायलाई पूर्व सूसुचित गरी सहमति प्राप्त गरी काम गर्नुपर्ने छ ।

१६. **परियोजनाको समाप्ति र सम्पत्ति हस्तान्तरण :** (१) परियोजनाका लागि निर्धारण गरिएका सम्पूर्ण कार्यहरू सकिएपछि विश्वविद्यालयले नियुक्त गरेको सम्बन्धित क्याम्पसको प्रमुख वा विश्वविद्यालयले तोकेको व्यक्तिलाई परियोजनाको सम्पूर्ण सम्पत्ति हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गर्दा आपसी समझदारीमा परियोजनासँग रहेका दायित्व पनि हस्तान्तरण गर्नुपर्नेछ ।

(३) आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजना सञ्चालनका क्रममा खरिद गरिएका सम्पूर्ण सामान, औजार, उपकरण, सवारी साधन लगायतका वस्तुहरू परियोजना समाप्ति पछि सम्बन्धित क्याम्पसको स्वामित्वमा जानेछ ।

(४) परियोजना सञ्चालनमा रहँदा कै बखत वा भौतिक संरचना निर्माण संम्पन्न भैसके पछि आवश्यक दरबन्दी र सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक पर्ने नियमित बजेट सम्बन्धित निकायबाट निकासा नभएमा परियोजनाको कुनै पनि आर्थिक दायित्व विश्वविद्यालयले बेहोर्ने गरी कक्षा सञ्चालन गर्न सकिने छैन ।

१७. **यसै कार्यविधि बमोजिम हुने :** (१) यो कार्यविधि स्वीकृत भएका मितिदेखि आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजनाहरू यसै कार्यविधि अनुसार सञ्चालन हुनेछन् । यो कार्यविधि आउनु पूर्व सञ्चालनमा रहेका आङ्गिक क्याम्पस स्थापना र सञ्चालन परियोजनाको हकमा यसै कार्यविधि अनुसार सञ्चालन भएको मानिनेछ ।

(२) यो कार्यविधि स्वीकृत हुनुभन्दा अघि इन्जिनियरिङ अध्ययन संस्थानबाट नियुक्त भएका परियोजना संयोजकले यथावत काम गर्नेछन् । निजको समयावधि इन्जिनियरिङ अध्ययन संस्थानबाट निजलाई नियुक्त गरिएको मितिदेखि नै गणना हुने छ र सोही मितिदेखि नै निजले यसै कार्यविधिबमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन् ।

**१८. व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था** : यस कार्यविधिमा उल्लेख गरिएका प्रसंगहरूको कार्यान्वयन गर्ने सम्बन्धमा अस्पष्टता भएमा नीति र उद्देश्यमा असर नपर्ने गरी व्याख्या गर्ने अधिकार परियोजना निर्देशन समितिलाई हुनेछ तर यसरी व्याख्या गर्दा नीति र उद्देश्यमा असर पर्ने भएमा वा थप व्यवस्था गर्नु पर्ने भएमा कार्यकारी परिषद् समक्ष पेश गर्नु पर्ने छ ।

********

त्रिभुवन विश्वविद्यालय